**प्रस्तावः मिति २०७७/११/०६ गते बिहिबार, ९९ औ कार्यपालिका बैठक**

१. वडा नं. १२ श्री माध्यमिक विद्यालय हापुर विजौरीको जिर्ण भवन भत्काउने सम्वन्धमा
२. अर्थ विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा
३. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा
४. जग्गा उपलब्धता सम्वन्धमा
५. करार कर्मचारी सम्वन्धमा
६. भत्ता सम्वन्धमा
७. आर्थिक सहयोग सम्वन्धमा
८. लगत संकलन सम्वन्धमा
९. बलियो नेपालको पोषण कार्यक्रम सम्वन्धमा
१०. वडा नं. १० नेपाल टेलिकमको पर्खाल र भवन सार्ने सम्वन्धमा
११. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित सहजीकरण समितिको निर्णय अनुमोदन सम्वन्धमा

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिका वडा नं. १२ को च.नं.१४०० मिति २०७७/१०/२८ गतेको पत्रानुसार श्री माध्यमिक विद्यालय हापुर विजौरी दाङको विद्यालय भवन हरु मध्ये पुरानो ४ कोठे जिर्ण भवन ( कार्यालय कोठा देखि उत्तर तर्फको भवन) अत्यन्तै जिर्ण भई उपयोग विहिन रहेकोले मिति २०७७/०८/१२ मा बसेको अभिभावक भेलाले उक्त भवन भत्काउने निर्णय गरेको र मिति २०७७/०९/१२ मा बसेको विद्यालय व्यवस्थापन समितिले सो निर्णय अनुमोदन गरेको हुँदा सो जिर्ण ४ कोठे भवन प्राविधिक मुल्यांकन गरि भत्काउन अनुमति दिने ।

**निर्णय नं. २ः**

घोराही उपमहानगरपालिका अन्तर्गत अर्थ विकास समितिको मिति २०७७/१०/२६ गते गाइको साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालनका लागि मिति २०७७/०९/१५ गते १५ दिने सुचनामा प्रकाशन गरि प्रस्ताव आह्वान गरेकोमा मापदण्ड अनुसारका प्रस्तावहरु मध्ये श्री लक्ष्मी मालझाक्री दुग्ध उत्पादक कृषक समिति उपयुक्त भएकोले उक्त कार्यक्रम श्री लक्ष्मी मालझाक्री दुग्ध उत्पादक कृषक समितिलाई संचालनका लागि स्वीकृति दिने निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ३:**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७/१०/२२ गतेको बैठकका देहायका निर्णयहरु अनुमोदन गर्ने।

३.१ घोराही उपमहानगरपालिका वडा नं. ६ को च.नं. ७८७ मिति २०७७/०९/०६ गतेको प्राप्त सिफारिस पत्र तथा प्राविधिक लगत अनुमानका आधारमा घोराही उपमहानगरपालिका वडा नं. ६ लालीगुँरास टोलमा पर्ने कर्जाही कुलो बर्षातका समयमा पहिरो गई क्षति भएकाले रु. ४३७९२।४२(त्रिचालिस हजार सात सय बयानब्बे रुपैया बयालीस पैसा मात्र) घोराही उपमहानगरपालिकाको आ.व. ०७७/०७८ को वार्षिक बजेट अन्तर्गत विपदबाट क्षति भएका भौतिक संरचना मर्मत शिर्षक नं. २२२३१ सि.नं. १ पेज नं. ५२ बाट खर्च हुने गरि हुने गरी मर्मत गर्ने ।

३.२ घोराही उपमहानगरपालिका वडा नं. ११ को च.नं. २९३ मिति २०७७/०६/०२ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा घोराही उपमहानगरपालिका वडा नं. ११ झुम्केटारी निवासी गोविन्द लम्सालको कच्चीघर मिति २०७७/०५/३० गतेको वर्षाले क्षति पुर्याएकाले निजलाई नगरस्तरीय विपद व्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं. १२ पेज नं. ५२ बाट खर्च हुने गरी रु.५००० (पाँच हजार) राहत उपलब्ध गराउने ।

३.३ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. १३५१ मिति २०७७/०७/२४ गतेको प्राप्त सिफारिस पत्र तथा लगत अनुमानका आधारमा घोराही उपमहानगरपालिका वडा नं. १० र वडा नं. ८को वन गाउँ जोड्नेबाटोमा पर्ने कल्भर्ट नारायणपुर बजारदेखि झर्ने सोताले कटान गरि क्षति पुर्याएको हुँदा रु. ११४७९२।२६ (एक लाख सतचालिस हजार बयानब्बे रुपैया छब्बीस पैसा मात्र) घोराही उपमहानगरपालिकाको आ.व. ०७७/०७८ को वार्षिक बजेट अन्तर्गत विपदबाट क्षति भएका भौतिक संरचना मर्मत शिर्षक नं. २२२३१ सि.नं. १ पेज नं. ५२ बाट खर्च हुने गरि हुने गरी मर्मत गर्ने ।

३.४ घोराही उपमहानगरपालिका वडा नं. १९ को च.नं. १२८ मिति २०७७/०५/३१ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा घोराही उपमहानगरपालिका वडा नं. १९ धनचौर निवासी रेशम बहादुर पुन मगरको ९ हात चौडाई १८ हात लम्बाई भएको दुइ तले कच्ची घरको गारो मिति २०७७/०५/२५ गतेको वर्षाले भत्किन गई क्षति पुर्याएकाले निजलाई नगरस्तरीय विपद व्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं. १२ पेज नं. ५२ बाट खर्च हुने गरी घरको साइज अनुसारको जस्तापाता राहत स्वरूप उपलब्ध गराउने ।

३.५ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. ६०३ मिति २०७७/०५/२९ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा घोराही उपमहानगरपालिका वडा नं. १० सरस्वती टोल बस्ने बसन्ती डाँगीको घर मिति २०७७/०५/२९ गतेको वर्षाले डुबानमा परी क्षति पुर्याएकाले निजलाई नगरस्तरीय विपद व्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं. १२ पेज नं. ५२ बाट खर्च हुने गरी घरको साइज अनुसारको जस्तापाता राहत स्वरूप उपलब्ध गराउने ।

३.६ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. १९५८  मिति २०७७/०९/०३ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा घोराही उपमहानगरपालिका वडा नं. १० स्थित अम्बिका कपास उद्योगमा मिति २०७७/०९/०१ गते विद्युत तार सट हुनगई आगलागी भएकाले सो उद्योगका मालिक श्री नारायण पाण्डेयका नाममा नगरस्तरीय विपद व्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं. १२ पेज नं. ५२ बाट खर्च हुने गरी रु.१००००।-(दस हजार मात्र) राहत उपलब्ध गराउने ।

३.७ घोराही उपमहानगरपालिका वडा नं. १९ को च.नं. २८९  मिति २०७७/०५/१९ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा घोराही उपमहानगरपालिका वडा नं. १९ स्यालाखोला स्थित नयाँवस्ती बस्ने धनदेवी बस्नेत शान्ताराम पुन, भूप बहादुर कंवर, कणकजित रोकामगर र दिलकुमारी राइमाझीको खेतवारी मिति २०७७/०५/१० गतेको अविरल वर्षाका कारण पहिरोबाट क्षति पुर्याएको हुँदा पहिरो व्यवस्थापनका गरिदिनका लागि माग भै आएको हुँदा सो सम्वन्धमा पहिरो व्यवस्थापन कार्यका लागि प्राविधिक लगत अनुमान अनुसारको रु.४५०८७२।२६ (चार लाख पचास हजार आठ सय बहत्तर रुपैया छब्बीस पैसा मात्र) घोराही उपमहानगरपालिकाको आ.व. ०७७/०७८ को वार्षिक बजेट अन्तर्गत विपदबाट क्षति भएका भौतिक संरचना मर्मत शिर्षक नं. २२२३१ सि.नं. १ पेज नं. ५२ बाट  खर्च हुने गरि हुने गरी राहत उपलब्ध गराउने ।

<u>निर्णय नं. ४ :</u>

घोराही उपमहानगरपालिका वडा नं. १२ को च.नं. १७९०, मिति २०७७/११/०४ गतेको पत्रानुसार मिति २०७७/१०/३० गते बसेको वडा समितिको निर्णय बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १२ साविक हापुर गाविस हापुर खानेपानी उपभोक्ता तथा सरसफाई समिति स्किम नं. २ को भवन बनाउन घोराही उपमहानगरपालिका वडा नं. १२ स्थित बिजौरीडाँडामा रहेको हापुर खानेपानी पानी टंकी र धौलु बगियाको पश्चिम, विजौरी सिंचाई कुलोको पूर्व-उत्तर र सोहि ठाउँमा रहेको ठूलो आँपको रुख देखि दक्षिण सीमामा रहेको अन्दाजी ०-४-० कट्टा जमिन "सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यविधि २०७१" बमोजिम निशुल्क उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ५:**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनुसन्धान महाशाखा टंगाल काठमाण्डौको च.नं. १२९०२, मिति २०७७।९।२३ को पत्र, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौको च.नं. ३९३ मिति २०७७।१०।९ को पत्र, राष्ट्रिय सतर्कता केन्द्र काठमाण्डौको च.नं. १४२०१६२२०५ मिति २०७७।१०।१४को पत्र, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कानून तथा संवैधानिक मामिला महाशाखा लुम्बिनी प्रदेश मुकाम बुटवलको च.नं. कानून (५६) मिति २०७७।८।९ तथा च.नं. कानून १६ मिति २०७७।५।१ को पत्र समेतको निर्देशन बमोजिम करार सेवाका कर्मचारी सम्बन्धमा तपशिल अनुसार गर्नेः-

**तपशिल**

५.१ घोराही उपमहानगरपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका पदहरु मध्य चौथो र पाँचौ तहमा स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाइएको र बाँकी अप्राविधिक प्राविधिक सवै तहका पदमा अब खुल्ने पहिलो विज्ञापनमा नै स्थायो पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति भरी पठाउने र स्थायी पदपूर्ति नभएसम्मका लागि देहाय बमोजिम गर्ने ।

स्वास्थ्य तर्फ स्वीकृत दरबन्दी भन्दा बढी स्थायी कर्मचारी पदपूर्ति भई सकेकोले विगत जनस्वास्थ्य कार्यालय बाट नै भिन्दै जनशक्ति आवश्यकता महसुश गरी Birthing Center का लागि राखिएका तपशिल अनुसारका अनमि र विशेषज्ञ सेवा अन्तर्गत राखिएका एमविविएस डाक्टरहरुको सेवालाई निरन्तरता दिई बाँकी सबै कर्मचारीलाई मिति २०७७।११।१६ गतेदेखि सेवाबाट हटाउने ।

**तपशिल**

अत्यावश्यक सुत्केरी सेवा अन्तर्गतका अनमिहरु

(i) सुनिता भण्डारीः- अनमि लक्ष्मीपुर स्वास्थ्य चौकी ।
(ii) लक्ष्मी चौधरीः- अनमि रामपुर स्वास्थ्य चौकी ।
(iii) हिरा पन्थीः- अनमि नारायणपुर स्वास्थ्य चौकी ।
(iv) लिला के.सी.:- अनमि नारायणपुर स्वास्थ्य चौकी ।
(v) डोमा भण्डारीः- अनमि धर्ना स्वास्थ्य चौकी ।
(vi) सुनिता चौधरीः- अनमि हापुर स्वास्थ्य चौकी ।
(vii) रुपा बुढाथोकीः- अनमि ढिकपुर स्वास्थ्य चौकी ।
(viii) रामपति चौधरीः- अनमि ढिकपुर स्वास्थ्य चौकी ।
(ix) कुमारी सुनारः- अनमि सैघा स्वास्थ्य चौकी ।
(x) रिणु थापाः- अनमि सौडियार स्वास्थ्य चौकी ।

विशेषज्ञ सेवा अन्तर्गतका एमविविएस डाक्टरहरु

I. डा. सूवर्ण बुढामगरः- रामपुर प्रवर्धन केन्द्र ।
II. डा. प्रितम डि.सी.:- नारायणपुर प्रवर्धन केन्द्र ।

- अप्राविधिक तर्फ सबै तहका कर्मचारीहरुको करार सेवालाई मिति २०७७।१०।१ गतेदेखि निरन्तरता नदिने । यसबाट वडा कार्यालय तथा नगर कार्यपालिकामा जनशक्ति अभाव भई कार्यसम्पादनमा असर पर्ने देखिए स्वीकृत दरबन्दी संख्याको परिधि भित्र रही वडा कार्यालयमा कार्यरत कर्मचारीको सम्बन्धमा वडा समितिको निर्णयानुसार र नगर कार्यपालिकामा कार्यरत कर्मचारीको सम्बन्धमा नगरपालिकाको निर्णयानुसार दैनिक ज्यालादारीमा काममा लगाउन सकिने ।
- माथि उल्लेखित स्वास्थ्य सेवा तर्फका र अप्राविधिक तर्फका करार सेवा निरन्तरता हुन नसकेका कर्मचारीहरुलाई मिति २०७७।१०।१ गतेदेखी २०७७।११।१५ गतेसम्मको सेवा सुविधा साविक बमोजिम नै उपलब्ध गराउने साथै अप्राविधिक तर्फ सम्बन्धित वडा समिति र नगरपालिकाको निर्णयानुसार स्वीकृत दरबन्दीको सीमा भित्र रही दैनिक ज्यालादारीमा कामकाजमा खटाईने कर्मचारीहरुको आर्थिक सेवा सुविधा खाईपाई आएको तलबलाई आधार मानी भुक्तानी गर्ने ।
- प्राविधिक इन्जिनियरिङ सेवातर्फ करार सेवामा कार्यरत कर्मचारीहरुको संख्या स्वीकृत दरबन्दी संख्या भन्दा अत्याधिक कम रहेको र निजहरुलाई सेवाबाट तत्काल हटाउदा दैनिक कार्य सम्पादनमा असर पर्ने देखिएकोले इन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारीको करार सेवालाई स्थायी पदपूर्ति नभए सम्मका लागि निरन्तरता दिने । इन्जिनियरिङ बाहेक अन्य कृषि पशुसेवा तर्फका प्राविधिक कर्मचारी स्वीकृत दरवन्दी वाहिर रहेकोले मिति २०७७।११।१६ गतेदेखी सेवाबाट हटाउने ।
- श्रेणी विहिन सवारी चालक तर्फका सबै कर्मचारीहरु(ड्राइभर) सार्वजनिक विदाका दिनमा समेत काममा खटिने भएकोले सार्वजनिक विदामा काम गरेवापत सो दिनको भत्ता दिने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को उपदफा ८ बमोजिमका पदमा कार्यरत सबै कर्मचारीलाई सो पदको शुरु तलब स्केल दिई करार निरन्तरता गर्ने साथै सवारी चालक तर्फ कार्यरत सवारी चालकहरुलाई जुन तहको सवारी लाइसेन्स प्राप्त गरेको छ सोही तह अनुसार करार सम्झौता गर्ने । एक प्रकारको पद/तहको करार सेवा नियुक्ति र अर्कै प्रकारको काममा संलग्न रहेको भए सो पदलाई चाहिने आवश्यक न्यूनतम योग्यता पुग्ने देखिए सोही अनुसार पद परिवर्तन गरी करार सम्झौता गर्ने ।

<u>निर्णय नं. ६ः</u>

घोराही उपमहानगरपालिका अन्तरगत विभिन्न विषयगत समितिका सदस्यले प्राप्त गर्ने बैठक भत्ता हालसम्म उपलब्ध नगराइएको र यसै सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७७/०७८ च.नं. २२५, मिति २०७७।९।२६ गते प्राप्त पत्रको बुदा नं. २ मा त्यसरी भत्ता उपलब्ध गराउनु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम सहमति लिनुपर्ने उल्लेख भई आएकोले विभिन्न विषयगत बैठक सञ्चालन गर्ने क्रममा नगर कार्यपालिकाका पदाधिकारी कर्मचारी बाहेक आमन्त्रित तथा सदस्य भित्रै रहने गरी विज्ञ व्यक्तित्वहरुको समेत सहभागिता रहने भएको र सहभागिता वापत भत्ता उपलब्ध नगराउदा बैठकमा निरन्तर सकृय सहभागितामा कमी आएको देखिएकोले विभिन्न विषयगत समिति तथा न्यायिक समितिलाई हालसम्म नदिएको बैठक भत्ता उपलब्ध गराउन सहमति दिने साथै अत्यावश्यक विषय र पर्याप्त एजेण्डा बाहेक सामान्य अवस्थामा बैठक आव्हान नगर्न सबै विषयगत समितिका सदस्य सचिवहरुलाई निर्देशन दिने ।

**निर्णय नं. ७:**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स. | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | दाङ क्रिकेट संघ (घोराही उपमहानगरपालिका कप -२०७७ क्रिकेट प्रतियोगिता) | २५००००।०० | अन्य संस्था सहायता | |
| २. | अन्तरपार्टी महिला समाज ( अधिवेशन) | २५०००।०० | अन्य संस्था सहायता | |

**निर्णय नं. ८:**

भूमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको वडा स्तरमा लगत संकलन कार्यका लागि प्रति फाराम रु. ७५ का दरले पारिश्रमिक उपलब्ध गराउने गरि संकलनकर्ता खटाउने ।

**निर्णय नं. ९:**

बलियो नेपाल न्युट्रिशन इनिसियटिभको मिति २०७७/०९/१५ को पत्रानुसार कुपोषण विरुद्धको अभियानमा घोराही उपमहानगरपालिकाका प्रत्येक वडाका सम्पूर्ण नयाँ स्वास्थ्य स्वयं सेविकालाई तालिम उपलब्ध गराउने र जनता मा.वि. वडा नं. २ र भगवती मा.वि. होडबाङ वडा नं. १९ का विद्यालयहरुमा स्वास्थ्य लगायत खेलकुदका कार्यक्रमहरु संचालन गर्ने अनुमति दिने।

**निर्णय नं. १०:**

घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. २३७०, मिति २०७७/११/०४ गतेको पत्रानुसार वडा नं. १० स्थित दुरसंचार टोलमा रहेको दुरसंचार कार्यालय देखि पत्थरकाटिया टोल जोड्ने सडक ट्र्याक खोल्दा नेपाल टेलिकमको पर्खाल र सानो भवन सार्न परेकोले घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरि नेपाल टेलिकमको पर्खाल र सानो भवन सार्न अनुमति दिने ।

**निर्णय नं. ११:**

घोराही उपमहानगरपालिका अन्तर्गत नगरस्तरीय भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित सहजीकरण समितिको मिति २०७७/११/३ गते बसेको तपशिलको निर्णय अनुमोदन गर्ने ।

११.१ घोराही उपमहानगरपालिका अन्तर्गत स्थायी बसोबास भएका अव्यवस्थित बसोबासीलाई भूमि सम्वन्धी समस्या समाधान आयोग २०७६ को नियमानुसार सुकुम्बासी समस्या समाधान प्रयोजनार्थ अव्यवस्थित बसोबासी सम्वन्धी फाराम भर्ने जग्गाधनीहरुको सम्पत्ती मूल्यांकन सिफारिस गर्दा लाग्ने दस्तुरमा न्यूनतम साधारण दस्तुर लिई सिफारिस दिने र अव्यवस्थित बसोबासीले श्रेस्तावाला जग्गाको चालु आ.व. २०७७/०७८ सम्मको सम्पत्ति कर वा मालपोत कर बुझाएको रसिद पेश गर्नुपर्ने ।